नगर सन्देश
नगर सन्देश वा:पौ (साप्ताहिक)
कीर्तिपुर नगरपालिकाको बुलेटिन
वर्ष १ ● अङ्क ३८ ● ने.सं. ११४० गुंलाथ्व १५ (पुन्हि) ● वि.सं. २०७७ साउन १९ गते, सोमबार ● 2020 August 3, Monday ● पृष्ठ ८

**अनलाइन संस्करण**

# "नगरपालिकाको सेवा प्रवाहमा कर्मचारी नै हावी हुने हो" : प्रमुख महर्जन




कीर्तिपुर नगरपलिकाको गत असार ३१ गते सम्पन्न सातौं नगर सभाका सन्दर्भमा त्यहाँ क्रियाशिल ट्रेड यूनियन अधिकार प्राप्त राष्ट्रिय स्तरका तीन वटै कर्मचारी सङ्गठनको संयुक्त आयोजनामा "**नगरपालिकाको नगर सभाको निर्णय कार्यान्वयनमा कर्मचारीको भूमिका**" विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ । नगर प्रमुख रमेश महर्जनको प्रमुख आतिथ्यतामा र नेपाल राष्ट्रिय कर्मचारी संगठन, स्थानीय तहका कीर्तिपुर नगर इकाई अध्यक्ष केशव महर्जनको अध्यक्षतामा गत साउन १६ गते शुक्रबार सम्पन्न उक्त कार्यक्रममा नगरपालिका उप-प्रमुख, कार्यपालिका सदस्यहरू, नगर सभा सदस्यहरू, पूर्व नगर उप-प्रमुख रमेशमान महर्जन, कीर्तिपुर नगरपालिकामा क्रियाशील राजनीतिक दलका प्रतिनिधिहरू, नगरपालिकाका शाखा प्रमुखहरू तथा कर्मचारीहरूको सहभागिता रहेको थियो भने कार्यक्रममा विभिन्न विषयमा ५ वटा कार्यपत्र समेत प्रस्तुत गरिएको थियो ।

कार्यक्रमका प्रमुख अतिथि तथा नगर प्रमुख महर्जनले जनप्रतिनिधिमूलक कार्यालय भए पनि नगरपालिकामा ६५ प्रतिशत कर्मचारी नै हावी हुने तर्क प्रस्तुत गर्नु हुँदै कर्मचारीको कामकाज जनमुखी हुनु पर्ने र कर्मचारीहरूले गरेको प्रतिवद्धता कार्यान्वयन हुनु पर्ने कुरामा जोड दिनु भयो । नगरपालिकाको कर्मचारी सङ्गठनहरूबाट आयोजित कार्यक्रममा कर्मचारीहरूले कार्यक्रममै नगरसभाले गरेका निर्णयहरू कार्यान्वयन गर्ने प्रतिवद्धता गरेका थिए । उप-प्रमुख सरस्वती खड्काले विद्यमान नगरपालिकाको नेतृत्व सदैव कर्मचारीहरुको वृत्ति विकासमा चिन्तित रहेको र सातौं नगर सभाबाट समकक्षता सहितको स्तर मिलान सम्बन्धमा भएको निर्णय कार्यान्वयन गरेरै छाड्ने प्रतिवद्धता जनाउनु भएको थियो । नगरपालिकामा कर्मचारी र जनप्रतिनिधिबीच कहिल्यै बेमेलको स्थिति नरहेको र हालका जनप्रतिनिधिहरूको सपथ ग्रहणदेखि हालसम्म पनि कर्मचारहिरूको पूर्ण सहयोग रहेको कुरा स्मरण गर्नु भयो । कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत ध्रुवराज आचार्यले नीति निर्माता, व्यवस्थापन र कर्मचारीलाई दिमाग, मन र हातमा (Head, Heart and Hand) तुलना गर्दै यसमा तालमेल र परनिर्भरताका सम्बन्धमा प्रकाश पार्दै कार्यक्रममा प्रस्तुत भएका विचार नगरपालिकाका लागि उपलब्धीमूलक नै हुने बताउनु भयो ।

कार्यक्रममा नेपाल कम्युनिष्ट पार्टी (नेकपा) कीर्तिपुर नगर समितिका सचिव दिल बहादुर महर्जन, नेपाली काँग्रेस कीर्तिपुर नगरका सभापति कृष्णमान महर्जन, जनता समाजवादी पार्टी, काठमाण्डौ क्षेत्र नं. १० का संयोजक ध्रुव महर्जन तथा नेपाल मजदुर किसान पार्टी, कीर्तिपुर नगरका अध्यक्ष हरि कुमार महर्जन, कीर्तिपुर नगरपालिका वडा नं. ४ का अध्यक्ष राजेन्द्र बानियाँवडा नं. २ नं वडाका अध्यक्ष रमेशमान डंगोल वडा नं. ६ का अध्यक्ष न्हुच्छे बहादुर महर्जन तथा

*(बाँकी ७ पेजमा)*



## सम्पादकीय

# संयमित, सुरक्षित र मितब्ययी भएर चाडपर्व मनाऔं

साउने सङ्क्रान्तिदेखि शुरु भएको चाडपर्वको मौसम आजबाट उत्कर्षमा जाँदैछ। आज जनै पूर्णिमा (गुन्हुपुन्हि)का दिनदेखि नेपालीहरूको घरआँगनमा विभिन्न चाडपर्व लगातार प्रवेश गर्दै छ। त्यसमा पनि नेवाः जाति र संस्कृतिको बाहुल्यता रहेको कीर्तिपुर नगरपालिकामा आजदेखि लामो समयसम्म धर्म, संस्कृति र इतिहाससँग जोडिएका विभिन्न जात्रा पर्व आउँदै छन्। यी चाडपर्वहरू र जात्रा हाम्रो धर्म संस्कार र संस्कृतिका अभिन्न अङ्ग बनेका छन्। जेजस्तो अवस्था आइपरे तापनि धर्म संस्कृति र संस्कारसँग जोडिएको र हाम्रो पहिचान समेत भएकोले यसलाई आ-आफ्नो गच्छे अनुसार मनाउन हामी सबै लालायित रहन्छौं। जुन स्वाभाविकै हो।

एकातर्फ अहिले कोरोना भाइरस सङ्क्रमणको विश्वव्यापी महामारीको चपेटामा हामी छौं भने अर्कोतर्फ हामी नेपालीको पहिचान बनेर रहेका विभिन्न चाडवर्प एवं जात्रामात्रा यही बीचमा आएका छन्। सरकारले हालै मात्र चार महिना लामो लकडाउन अन्त्य गरी सकेकोले बढी नै उत्साहित भएर कोरोना भाइरसको जोखिमलाई बेवास्ता गरेर संयमित र सतर्कता नअपनाइकन यस्ता चाडपर्व जात्रा आदि मनाउँदा सङ्क्रमणको महामारी समुदायस्तरमै फैलिनगई नियन्त्रण बाहिर पुग्न सक्छ। जसबाट ठूलो मात्रामा जनधनको नोक्सानी हुने जोखिम यथावत छ।

अन्त्यमा यस्ता चाडपर्व र जात्रा मनाउँदा नेपाल सरकारको निर्देशन अनुसार आफू र आफ्नो परिवार र समुदायमा महामारी फैलने जोखिम नहुने किसिमले अनावश्यक तडकभडक र भीडभाड नहुने गरी एवं धार्मिक साँस्कृतिक र परम्परागत रुपमा नगरीनहुने काम कारबाही मात्र न्यूनतम खर्चमा थोरै भन्दा थोरै जनसमुदाय र सरोकारवाला व्यक्तिहरू मात्र सहभागी भएर सम्पन्न गर्न तथा महामारीका कारण परिवार समाज र राष्ट्रकै अर्थतन्त्र जर्जर हुँदै गएको अवस्था भएकोले मितव्ययी किसिमले यस्ता चाडपर्व र जात्रा मनाउन सम्पूर्ण कीर्तिपुरबासीमा कीर्तिपुर नगरपालिकाका तर्फबाट नगर सन्देश परिवार हार्दिक अनुरोध गर्दछु।

# कौसी खेती - २

**प्रा.डा. धर्मराज डंगोल**

**कौसी खेतीगर्दा विचार गर्नु पर्ने कुराहरू**

कौसी खेती गर्नु भन्दा अगाडि आफ्नो घरको कौसीले बहन गर्न सक्ने क्षमता प्राविधिकबाट जानकारी हाँसिल गर्नु पर्दछ। कौसीमा लगाउने बोट बिरुवाको बारेमा थाहा पाउने, घरको फोहोरमैला व्यस्थापन, बोटबिरुवाको स्याहार सुसार गर्ने परिवारका सदस्यहरुको चाहना, कौसी खेतीमा सबै सदस्यको सहभागिता हुने नहुने बारेमा थाहा हुन जरुरी छ। घरको जैविक फोहोरबाट मल बनाउने ज्ञान, बोटबिरुवाको स्याहार सुसार गर्ने तरिका, पानीको व्यवस्थापन, आदिको ज्ञान छैन भने सो ज्ञान आर्जन गर्न अध्ययन र तालिम प्राप्तगर्न जरुरी छ।

**घरेलु मल के हो र कसरी बनाउन सकिन्छ ?**

घरमा नै उत्पादन गरेको मललाई घरेलु मल भनेर बुझ्न सकिन्छ। यो ठोस र झोलको रुपमा हुन सक्दछ। भान्साको फोहोर, अण्डाको बोक्रा, कोठा र कौसीको जैविकफोहरबाट कम्पोष्ट विन र भर्मिकम्पोष्ट विधिबाट तयार गरिने ठोस रुपको मललाई ठोस मल भन्न सकिन्छ। विनमा, बोरामा, गमलामा, बाकसमा, रिङ्गमा ठोस मल तयार गर्न सकिन्छ। बकेटमा, ड्रममा भान्साको जैविक फोहोर, पुजा कोठाका फलफुलहरूलाई कुहाएर झोल मल बनाउन सकिन्छ। यो झोलमल लाई गितिमल पनि भनिन्छ। केराको बोक्रा र मेवा काटेर आएको बोक्राहरूलाई स-सानो टुक्रापारी ग्राइन्डरमा अलिअलि पानी राखी झोल मल बनाउन सकिन्छ। बोट विरुवालाई सर्वतको रुपमा दिन सकिन्छ।

**घरेलु विषादि के हो र कसरी बनाउन सकिन्छ ?**

हामीले कौसीमा लगाएको सयपत्री, जिरानियम फूल, तुलसी, गोदावरी फूलका पातहरूलाई एक दिन भिजाउँदा पानी वास्नादार हुन्छ र सो पानी हप्ताको एक दिन कौसीमा लगाएका बिरुवाहरूमा छर्कि दिंदा हानीकारक कीराहरूको व्यवस्थापन भएको पाइएको छ। यसरी हामीले हाम्रै कौसीका बोट विरुवाबाट बनाएको विषादी नै घरेलु विषादी हो। यो घरेलु विषादी बेसार, अदुवा, लसुन र प्याजको बोक्रा, खुर्सानीका धुलोबाट पनि तयार गर्न सकिन्छ। बकैना, तितेपाती, असुरो, सिस्नो, नीम जस्ता विरुवाको पातबाट पनि विषादी तयार गर्न सकिन्छ।

**अब हामीले के गर्ने ?**

कौसी खेती गर्न चाहनेहरूले लेख रचना पढ्ने गर्नु पर्दछ। यूट्युब हेरेर सिक्ने गर्नु पर्दछ। तालिममा बसी ज्ञान, शिप र प्रविधि हाँसिल गर्नु पर्दछ। आफूले गरेका विभिन्न गतिविधिको राम्ररी अभिलेख तयार गर्ने, विभिन्न माध्यमबाट आफूले गरेका खेतीका अनुभवहरू प्रवाह गर्ने, लेख रचना लेखी प्रकाशित गर्ने, नगरपालिका/गाँउपालिकामा भएका ब्यक्ति/ संस्थाको अभिलेख/सूची तयार गर्ने, विभिन्न संघ संस्था र ब्यक्ति बिचमा सञ्जाल निर्माण गरी दिने भूमिका निभाउन जरुरी छ। नगरपालिका/गाँउपालिकाले वार्षिक रुपमा कौसी खेतीलाई तालिम सञ्चालन गरी क्षमता अभिबृद्धि गरी दिने, कौसी खेतीको प्रविधि, ज्ञान, शिक्षा हस्तान्तरण गर्न सभा, सम्मेलन, प्रर्दशनी, मेला, भेला सञ्चालन गरी दिने कार्य गर्न आवश्यक छ। कौसी खेतीमा दक्ष जनशक्ति उत्पादन गर्न विश्वविद्यालय र विद्यालयमा कौसी खेतीबारे अध्ययन अनुसन्धान र अध्ययापन हुन पनि जरुरी भइसकेको छ।

**समाप्त**

## मेरो धारणा



नगरपालिका/गाँउपालिकाले वार्षिक रुपमा कौसी खेतीलाई तालिम सञ्चालन गरी क्षमता अभिबृद्धि गरी दिने, कौसी खेतीको प्रविधि, ज्ञान, शिक्षा हस्तान्तरण गर्न सभा, सम्मेलन, प्रर्दशनी, मेला, भेला सञ्चालन गरी दिने कार्य गर्न आवश्यक छ।

*यस स्तम्भमा प्रकाशित लेख/रचनाहरूमा व्यक्त विचारहरू लेखकको निजी विचार भएको जानकारी गराउँदछौं।*

# कीनपामा खाद्य सडक बन्दै

कीर्तिपुर नगरपालिकाले आ.व. २०७७/०७८ मा पारित नीति तथा कार्यक्रमहरूलाई कार्यान्वयन गर्न थालेको छ। यस आ.व.मा नगरलाई हरित सडक (Green Road) र खाद्य सडक (Food Road) को अवधारणा ल्याई सोही अनुसार खाद्य सडक (Food Road) कार्यान्वयनको शुभारम्भ गरेको हो।

यस प्रकारको अवधारणा ल्याउने नेपालमै पहिलो नगरपालिकाको रुपमा प्रस्तुत कीर्तिपुर नगरपालिकाले गत साउन १५ गते बिहीबार कीर्तिपुर नगरपालिका वडा नं. ४ र ९ मा पर्ने फयूखा नगरको बाटोको दायाँबायाँ वृक्षारोपण गरी नगरलाई खाद्य सडक बनाउन लागेको हो।

कीर्तिपुर नगरपालिकाका प्रमुख रमेश महर्जनले टिमुरको बोट रोपी यसको




शुभारम्भ गर्नुभएको थियो। साथै नगर उप-प्रमुख सरस्वती खड्का, वडा नं. ४ का अध्यक्ष राजेन्द्र बानियाँ, ९ का अध्यक्ष गंगाराम महर्जन, १० का अध्यक्ष अमन महर्जन लगायत वडा सदस्यहरू र स्थानीयबासीहरूले वृक्षारोपण गरेका थिए। तेजपात र टिमुरका करीव १५० वटा विरुवा सो स्थानमा रोपिएको थियो। ती विरुवाहरू राष्ट्रिय वनस्पति उद्यान गोदावरीले उपलब्ध गराएको हो।

वृक्षारोपण कार्यक्रममा आफ्नो मन्तव्य राख्नुहुँदै राष्ट्रिय वनस्पति उद्यान, गोदावरीका प्रमुख दिपक लामिछानेले नगर लाई खाद्य सडक बनाउने नयाँ सोच ल्याएकोमा कीर्तिपुर नगरपालिकालाई धन्यवाद् दिनुभयो। वहाँले टिमुर र तेजपात जस्ता विरुवाहरू रोपेकोमा यसलाई आवश्यक स्याहार गर्न अनुरोध गर्नुहुँदै यी विरुवाहरू अत्यन्त महत्त्वपूर्ण रहेको र विदेश निर्यात गर्ने मध्ये उत्कृष्ट ५ स्थानका विरुवाहरू भएको बताउनु भयो।

वातावरण, फोहोरमैला व्यवस्थापन तथा सरसफाइ उपशाखा प्रमुख ज्ञानबज्र महर्जनद्वारा सञ्चालित सो कार्यक्रममा उप-प्रमुख खड्काले नगरपालिकाले नयाँ सोचका साथ कार्यान्वयन गरेको खाद्य सडकको महत्त्वको बारेमा प्रकाश पार्नुहुँदै उपस्थित सबैलाई धन्यवाद् दिनुभएको थियो।

# टौदह निर्माणबारे ज्ञापन पत्र बुझायो





कीर्तिपुर नगरपालिका वडा नं. ६ स्थित टौदहमा हुन थालेको निर्माण कार्य प्रति यससँग सम्बन्धितहरूले कीर्तिपुर नगरपालिकामा छुट्टा छुट्टै ज्ञापन पत्र बुझाएका छन्। केही दिन अघि कीर्तिपुर नगरपालिकाले टौदहमा कृतिम संरचना बनाउनेबारे सार्वजनिक टेण्डर आह्वान गरेको थियो।

त्रिभुवन विश्वविद्यालय विश्वविद्यालय क्याम्पस कीर्तिपुरका गुरूहरू सम्बन्धित विभागका बिद्यार्थी र प्रकृति प्रेमी स्थानियबासीले केही दिन अघि कीर्तिपुर नगरपालिकाका उप-प्रमुख सरस्वती खड्कालाई त्यहाँको बस्तुस्थितिको बारेमा जानकारी गराउँदै ज्ञापन पत्र बुझाएको हो। त्रिवि प्राणी शास्त्र केन्द्रीय विभागका विभागीय प्रमुख प्रा.डा.तेज बहादुर थापा, सह-प्राध्यापक प्रेमबहादुर बुढा, जल तथा मौसम केन्द्रीय विभागका विभागीय प्रमुख प्रा.डा. दिपक अर्याल, वातावरण विज्ञान केन्द्रीय विभागका उप-प्राध्यापक रमेशराज पन्त आदि कीर्तिपुर नगरपालिका पुगी उप-प्रमुख खड्कासमक्ष ज्ञापनपत्र बुझाएको हो। उक्त ज्ञापन पत्र बुझ्दै उप-प्रमुख खडकाले प्रकृतिलाई असर पार्ने कुनै पनि कार्य कीर्तिपुरको टौदहमा गर्न नदिने प्रतिबद्धता जनाउनु भएको थियो।

यस भन्दा अघि साउन २ गते बिचाः ग्रुपले पनि नगर प्रमुख रमेश महर्जनलाई छुट्टै ज्ञापन पत्र बुझाएको थियो। टौदह परिसरमा निर्माण हुन लागेको पूर्वाधारका बारे ध्यानाकर्षण गरिएको भन्दै सो ज्ञापन पत्र बुझाएका थिए। टौदह कीर्तिपुर नगरको मात्र नभएर काठमाडौं जिल्लाकै प्रमुख सिमसार क्षेत्र हो, जहाँ साइबेरियाबाट सयौं सङ्ख्यामा विभिन्न प्रजातिका चराहरू हरेक वर्ष आउने गर्दछन्। सो चराहरू हेर्न र अध्ययनका लागि देश विदेशबाट हजारौं पर्यटक, विद्यार्थीहरू सो क्षेत्रमा आउने गर्दछन्। टौदह सुन्दर छ किनकि त्यहाँ विभिन्न किसिमका चराहरू छन् ज्ञापन पत्रमा उल्लेख गरिएको छ। टौदह काठमाण्डौ उपत्यकाको सबै भन्दा ठूलो प्राकृतिक पोखरी हो। यस दह धार्मिक, साँस्कृतिक, ऐतिहासिक एवं प्राकृतिक रुपमा पनि महत्त्वपूर्ण छ। प्रत्येक वर्ष नागपञ्चमीका दिन यहाँ ठूलो मेला लाग्ने गर्दछ।

# किपू नगरय् नं स्थानीय भासं ब्वंकेत सहलह

किपू नगरपालिकाय् नं स्थानीय भाय् नेपालभाषा व नेपालभाषाया माध्यमं ब्वंकेत सहलह याःगु दु। वंगु साउन १४ गते बुधवाः किपूया भाषा अभियन्तापिं किपू नगरपालिकाया प्रमुख रमेश महर्जन व उप-प्रमुख सरस्वती खडकायात नापलानादिसें थ्व खँय् सहलह ब्याकूगु खः।

नकतिनिहे जक यैँ महानगरपालिकां महानगरया दक्वं स्कुलय् नेपालभाषा व नेपालभाषाया माध्यमं ब्वंकेत पाठ्यक्रम समेत पितबीधुंकूगु सन्दर्भय् किपुलिई नं म्होति नं आःयात ८ गू तगिंतक स्थानीय भाय् नेपालभाषं ब्वंकेत सुझाव बियादीगु खः।

भाषा अभियन्ता बुद्धिजीबिपिं प्रा.डा. शिवशरण महर्जन, प्रा. डा. श्यामकृष्ण महर्जन, डा. तुयबहादुर महर्जन, प्रा.डा. धर्म महर्जन, प्रयागमान प्रधान, बज्रमुनि बज्राचार्य, जीवन कुमार महर्जन, पत्रकार श्रीकृष्ण महर्जनपिंसं नगर प्रमुख व उप-प्रमुखयात नापलानादिसें थ्व सुझाव बियादीगु खः। स्थानीय विषय स्थानीय भाषं ब्वंकेबलय् मौलिकता नं दइगुलिं किपूया नेवाःतयूत थःगु मांभाय् नेपालभाषा जुइसा मेपिनिगु लागि थ्व स्थानीय भाय् जुइगु जूगुलिं छुं नं भाय्यात निषेध यायेगु मखुसें संघियता, बहुभाषिकया विविधता जुइगु धयादिसें अभियन्ता बुद्धिजीविपिंसं नगर प्रमुख व उप-प्रमुखयात सुझाव वियादिल।

सहलहया झ्वलय् नगर प्रमुख महर्जनं दक्कले न्हापां स्कुलय् भाय् नि स्यनेमाः व लिपा जक भाय् नापनापं साहित्य स्यनेकने यायेमाःगु धयादिल। नेपाःया संविधानकथं पाठ्यक्रम तयार यायेत थःपिं तयार दुगु खँ कनादिसें थ्व विषयस निरन्तर सहलह ब्याका वनेगु खँ धयादिल। यैँ महानगरपालिकां नेपालभाषाया माध्यमं शिक्षा बीगु नीति पारित यायेधुंकूगु व पाठ्यक्रम नं तयार यायेधुंकूगुलिं थ्व विषयस अध्ययन यायेगु व माःकथं सरोकारवालातलिसें नं सहलह ब्याका न्ह्यां वनेगु कनादिल। सहलहस किपू नगरपालिका वडा नं. २ या अध्यक्ष रमेशमान डंगोलया नं ब्वति दुगु खः।



# जात्रा पर्व हनेगु बारे किपू नगरपालिकाया

# हथायगु सुचं

नेवाःतयूगु मौलिक नखःत गथांमुगःनिसें शुरु जुइगुलिं कोरोना भाइरस (कोभिड-१९) या हुनिं थुगु किपू नगरपालिकाय् नखःचखःलिसें सापारू (सायाः) यात गुकथं हनेगु धइगु बारे किपू नगरपालिकां गथांमुगः चःऱ्हे (साउन ४ गते) खुन्हु नगरया सकल दाफा, भजन खलःया प्रतिनिधिपिनिगु दथुइ सहलहयासें थुगु इलय् पिहाँ वइगु लाखेयात हूलमूल मयासे जक पिकायेगु, सायाः खुन्हु मनू मदुगु छेँजःपिंसं साचा, गोसाईंचा छ्वयेगु, बाहाःचाः हिलेगु, फल्चाय् दाफा थायेगुयात सुरक्षाया उपायत नालाः निरन्तरता बीगु तर पिने थासं समेत स्वःवया हूलमूल जुइगु **मू जात्रा सायाः** (**धेपां धे धे, तिरकूलारकू, झ्याँय् झ्याँय् पापा**) **मयायेगु** खँ क्वःज्यूगु जूगुलिं सकलसित जानकारीया लागि इनाप याना।

**किपू नगरपालिका**

**द्यःध्वाखा, किपू**

# क्वाःर सामुदायिक भवनया निरीक्षण



किपू नगरपालिका वडा नं. ६ क्वाःरय् दयेकाच्वंगु सामुदायिक भवनया किपू नगरपालिकाया प्रमुख रमेश महर्जनं निरीक्षण यानादीगु दु। वंगु साउन १७ गते शनिवाः क्वाःर थ्यंका प्रमुख महर्जनं थ्व निरीक्षण यानादीगु खः। महेश कुमार महर्जनया नायःसुई क्वाःर सामुदायिक भवन निर्माण उपभोक्ता समिति दयेका किपू नगरपालिकाय् सम्झौता यानां वंगु पुष २८ गते निसें भवन दयेके ज्या न्ह्याकाच्वंगु खः। उगु भवनया डिपिसी सिधयेका आः छतँ ढलानया ज्या जुइत्यंगु दु।

---

## सुचं ! सुचं !! सुचं !!!

किपू नगरपालिकाया ख्वाःपौ थुगु नगर सन्देश बुलेटिनयात कयाः छुं नं कथंया सरसल्लाह व प्रतिक्रिया बियादीत इनाप यानच्वना।

स्वापूया नितिं : किपू नगरपालिका भवन ● फोन : ४३३११८९

ई–मेल : nagarsandes@gmail.com

---

**किपू नगरपालिका**

**नगरकार्यपालिया ज्याकूया**

## फोहोरमैला व्यवस्थापन सम्बन्धी सार्वजनिक इनाप

वंगु छुं दिं न्ह्यःनिसें स्वनिगलय् मद्दिक वा वयाच्वंगु व जलवायु तथा मौसम विज्ञान विभागया पूर्वानुमान महाशाखाया कथं अझं वइगु छुं दिं तक मद्दिक्क वा वइतिनिगु जूगुलिं वर्षाया थुगु इलय् फोहोरमैला वायेगु थाय् नुवाकोट जिल्ला ककनी गाउँपालिका वडा नं. २, सिसडोल ल्याण्डफिल साइटय् फोहोरमैला ढुवानी याइगु सवारी साधनत वनेत थाकुइगु जूगुलिं थःथःगु छेँ/उद्योग/व्यवसाय/कलकारखाना व ज्याकूपाखें वइगु फोहोरयात लँय् वांमछ्वयेगु लिसें ल्याण्डफिल साइटय् वांछ्वये मज्युतकया लागि फोहोरयात थःथःगु छेँय्/ कम्पाउण्ड दुने हे तयाः जैविक व अजैविक ल्ययाः व्यवस्थापन यायेगु व फःसा कम्पोष्ट साः दयेका शहर सफा यायेगु ज्याये ग्वहालि यानादीत सकल नगरबासीतयूत किपू नगरपालिकाया हार्दिक इनाप दु।

---

# कीर्तिपुर नगरपालिका

## कोरोना भाइरस (COVID-19) को माहामारीमा राहत वितरण गर्न सहयोगका लागि अपिल !!!

**बैंकको नाम**

राष्ट्रिय बाणिज्य बैंक, टेकु शाखा

**खाताको नाम**

कीर्तिपुर नगरपालिका आकस्मिक कोष

**खाता नं.**

१७०००३०७०२०००२

---

**किपू नगरपालिका**
**कीर्तिपुर नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय

कीर्तिपुर, काठमाण्डौ।
३ नं प्रदेश, नेपाल।

पत्र संख्या: ०७७/०७८
च.नं.: ११२

मिति: २०७७/०४/०९

सूचना ! सूचना !! सूचना !!!

**कार्यालयमा प्रथम पटक प्रकाशित मिति २०७७/०४/०९ गते**

यस कीर्तिपुर नगरपालिकाको चालु आ.व. २०७७/०७८ को स्वीकृत कार्यक्रम अनुसार कीर्तिपुर नगरपालिका र कीर्तिपुर अस्पतालको साझेदारीमा स्वास्थ्य उपचार बीमा गर्न लागिएकोले बीमा गर्न इच्छुक कीर्तिपुर नगरपालिका क्षेत्रभित्र स्थायी बसोबास गर्ने बासिन्दाहरूले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी र पासपोर्ट साइजको फोटो २ प्रति सहित सम्बन्धित वडामा यो सूचना प्रकाशित भएको १५ दिनभित्र निवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ। साथै बिमा शुल्क रु १३००/- मध्ये सम्बन्धित व्यक्तिले रु ११००/- र नगरपालिकाको तर्फबाट रु २००/-उपलब्ध हुनेछ।

पुनश्च: थप जानकारीको लागि नगर प्रमुख सचिवालयमा सम्पर्क गर्नुहोला।

२०७७/०४/०९

कीर्तिपुर नगरपालिका
कीर्तिपुर -२, देवढोका।
प्रमुख प्रशासकीय अधिकृत



**दाफा संस्कृति :** कीर्तिपुर नगरपालिकाका प्रमुख रमेश महर्जन आफ्नो थांबाहाःटोलको दाफा खलःमा सहभागी हुँदै लायक्‌ू स्थित पाटीमा। नेपाल संवत् अनुसार १० औं महिनामा पर्ने गुंलामा नेवाः संस्कृति अनुसार प्रत्येक टोल टोलको पाटीमा दाफा भजन गर्ने गरिन्छ। विशेषगरी बौद्ध धर्मावलम्बीहरूले यस महिनामा भगवान गौतम बुद्धको पुजाआजा गर्ने परम्परा छ। कीर्तिपुर नगर पालिकाले पनि गत वर्षदेखि दाफा खलःलाई दाफा निरन्तरता होस् भनी आर्थिक सहयोग गरिरहेको छ। *तस्बिर : राजमान महर्जन*

# प्रधानमन्त्री रोजगार र स्वास्थ्य बिमा सम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न

कीर्तिपुर नगरपालिकामा सञ्चालित प्रधानमन्त्री रोजगार कार्यक्रम र स्वास्थ्य बिमा सम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ। कीर्तिपुर नगरपालिका वडा नं. ६ को आयोजनामा गत साउन १४ गते बुधबार टौदहमा भएको हो।

कार्यक्रममा प्रमुख अतिथि कीर्तिपुर नगरपालिकाका प्रमुख रमेश महर्जनले स्वास्थ्य बीमाका सन्दर्भमा र प्रधानमन्त्री रोजगार कार्यक्रमका सन्दर्भमा आफ्ना धारणा राख्नुहुँदै स्वास्थ्य नै मानिसको धन भएको अझ जेष्ठ नागरिकहरूको स्वास्थ्यमा बढी ख्याल गर्नुपर्ने र स्वास्थ्य सुविधाको ग्यारेन्टीका लागि पनि स्वास्थ्य बिमा गर्नुपर्ने स्पष्ट पार्नुभयो। स्वास्थ्य बिमाका लागि कीर्तिपुरका स्थानीय जनताप्रति नगरपालिकाको दायित्वबोध भएकोले उक्त स्वास्थ्य बिमा कार्यक्रम अगाडि सारेको जनाउँनुहुँदै उक्त बीमा बापतको रकममा नगरपालिकाले प्रतिव्यक्ति रु २०० राखिदिने जानकारी समेत दिनुभयो।



कार्यक्रममा प्रधानमन्त्री रोजगार कार्यक्रमका सन्दर्भमा नगरपालिकाको रोजगार संयोजक केदार बुढाथोकीले सरकारले युवा रोजगार र रोजगारीमा रुपान्तरण कार्यक्रमका माध्यमबाट रोजगारी र स्वरोजगारसँग जोड्ने कार्यक्रम सञ्चालन गरेको बताउँनुहुँदै प्रधानमन्त्री रोजगार कार्यक्रम सफल पार्नका लागि सबैसँग आग्रह समेत गर्नुभयो।

कार्यक्रममा अध्यक्षता गर्नुभएका वडाका अध्यक्ष न्हुच्छे बहादुर महर्जनले नगरपालिकाले संचालन गरेको सबै कार्यक्रम सफल बनाउन स्थानीयबासीलाई लाभान्वित गराउनका लागि आफू सबै ढङ्गले अगाडि बढ्ने जानकारी समेत दिनुभएको थियो

# नगरभित्र खानेपानी तथा सरसफाइको तथ्याङ्क सङ्कलनबारे गोष्ठी सम्पन्न




कीर्तिपुर नगरपालिकाको सहकार्यमा BORDA को आर्थिक सहयोग, वातावरण र जनस्वास्थ्य संस्था (एन्फो)को प्राविधिक सहयोगमा सञ्चालित एकीकृत शहरी जलश्रोत व्यवस्थापन परियोजना अन्तर्गत **एकीकृत शहरी जलश्रोत व्यवस्थापन विषयक सरोकारवालाहरू बीच एक दिने कार्यशाला गोष्ठी** गत साउन ९ गते शुक्रबारका दिन कृष्ण क्याटरिङ्ग, अमल्सिमा सम्पन्न भयो। उक्त कार्यशाल गोष्ठीमा कीर्तिपुर नगरपालिकाका १० वटा वडाका अध्यक्षहरू, काठमाडौं उपत्यका खानेपानी प्रा.लि.का प्रतिनिधि, फोहोरमैला व्यवस्थापन तथा सरसफाइ क्षेत्रमा कार्यरत संघ/संस्थाहरू र नगरपालिकाका कर्मचारीहरूको सक्रीय सहभागी रहेका थिए। उक्त कार्यक्रममा नगर भित्र खानेपानीको वर्तमान अवस्था, मुहान संरक्षण, ढल निकासको वर्तमान अवस्था, सरसफाइको अवस्था आदि सम्बन्धी व्यापक छलफल गरी तथ्याङ्क सङ्कलन तथा विश्लेषण समेत गरिएको थियो।

## "नगरपालिकाको सेवा प्रवाहमा . . ."

सदस्य सुनिल डंगोल र वडा नं. २ का वडा सदस्य ध्रुव अधिकारीले समेत आ-आफ्नो धारणा राख्नु भएको थियो।

कार्यक्रममा नेपाल राष्ट्रिय कर्मचारी सङ्गठन, स्थानीय तहका केन्द्रीय अध्यक्ष तथा नगरपालिकाका सहकारी शाखा प्रमुख शाखा अधिकृत सुजिन्द्र महर्जन, एशोसियसनका इकाई अध्यक्ष, सामाजिक विकास शाखा प्रमुख शाखा अधिकृत अनुज प्रधान, स्थानीय तह कर्मचारी संघ, नेपालका केन्द्रीय सचिवालय सदस्य तथा कीर्तिपुर नगरपालिकाका राजश्व शाखा प्रमुख लेखा अधिकृत नरेन्द्र महर्जन, कीर्तिपुर नगरपालिकाका ईन्जिनियर कृष्ण भोला महर्जन र आन्तरिक लेखा परीक्षण शाखाका प्रमुख बरिष्ठ लेखा अधिकृत सानुबाबु परियारले नगर सभाको निर्णय कार्यान्वयनका लागि आफ्नो प्रतिवद्धता जाहेर गर्नुभएको थियो।

नगरपालिका कर्मचारी एशोसिएशन, स्थानीय तह कर्मचारी संघ, नेपाल र नेपाल राष्ट्रिय कर्मचारी सङ्गठन, स्थानीय तह, कीर्तिपुर इकाई समितिको संयुक्त आयोजनामा भएको उक्त कार्यक्रममा आयोजक तीन वटै कर्मचारी सङ्गठनहरूबीच एकता भएको समेत घोषणा गरेको थियो।



कीर्तिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कीर्तिपुर, काठमाण्डौ।
३ नं. प्रदेश, नेपाल।

पत्र संख्या: 066/06८
च.नं.: 06

मितिः २०७७/०४/१४

**विषयः लेखा परीक्षण सम्बन्धमा।**

प्रस्तुत विषयमा यस कीर्तिपुर नगरपालिका अन्तर्गत सञ्चालित सबै सामुदायिक, संस्थागत विध्यालयहरु तथा शैक्षिक संस्थाहरुको आर्थिक वर्ष २०७५/०७६ देखि २०७६/०७७ सम्मको लेखा परीक्षण गर्न नेपाल चार्टड एकाउण्टेन्टस् संस्थामा दर्ता भएका लेखा परीक्षकहरुको इच्छा पत्र माग गर्ने निर्णय भएकाले ईच्छुक रजिष्टर्ड लेखा परीक्षकहरुले यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र कार्यालय समयमा तपशिलका कागजपत्रहरु सहित कीर्तिपुर नगर शिक्षा शाखामा निवेदन/ आसयपत्र दर्ता गराउन हुन यो सूचना प्रकाशन गरिएको छ। साथै गत विगत वर्षमा यस नगरपालिकामा लेखापरीक्षण कार्य समयमै सम्पादन गर्नेलाई प्राथमिकता दिइने छ।

**तपशिल**

१.सम्बन्धित व्यक्तिको निवेदन
२.लेखा परीक्षण दर्ता प्रमाणपत्रको प्रतिलिपि -१
३.करचुक्ता प्रमाण पत्रको प्रतिलिपि (नविकरण निसा सहित) -१
४.स्थायी लेखा नम्बर दर्ता प्रमाण पत्रको प्रतिलिपि -१
५.नागरिकता प्रमाण पत्रको प्रतिलिपि - १
६.नगरपालिकामा निवेदन दस्तुर तिरेको रसिद -१

ध्रुवराज आचार्य
प्रमुख प्रशासकीय अधिकृत

नगर सन्देश
कीर्तिपुर नगरपालिकाको बुलेटिन

ने.सं. ११४० गुंलाथ्व पुन्हि
वि.सं. २०७७ साउन १९, सोमवा:

# ६ नं. वडामा निर्मित जेष्ठ नागरिक भवन उद्घाटन



कीर्तिपुर नगरपालिकाका प्रमुख रमेश महर्जनले कीर्तिपुर नगरपालिका वडा नं. ६ भूलखेलमा बनेको जेष्ठ नागरिक भवनको हालै उद्घाटन गर्नुभएको छ। गत साउन १७ गते शनिवार भएको उद्घाटन कार्यक्रममा प्रमुख अतिथि नगर प्रमुख महर्जनले बृद्धाश्रम खोल्नु भन्दा जेष्ठ नागरिक दिवा केन्द्र बनाउनु राम्रो भएको स्पष्ट पार्नुभयो । कम्युनिष्ट सरकारका लोकप्रिय प्रधानमन्त्री स्व. मनमोहन अधिकारीको पालामा जेष्ठ नागरिकहरूलाई मासिक एक सय रुपैंया भत्ता उपलब्ध गराएकोमा हाल मासिक तीन हजार पुगेको बताउँनुहुँदै त्यो खाली पैसा मात्र नभई एक किसिमको जेष्ठ नागरिक प्रतिको सम्मान रहेको बताउँनुभयो।

कार्यक्रममा वडा नं. ६ का अध्यक्ष न्हुन्छे बहादुर महर्जनले जेष्ठ नागरिकहरू प्रति सम्मान रहेको बताउनुहुँदै यस जेष्ठ नागरिकहरूलाई दिन कटाउन यस भवनको लागि टिभी, हार्मोनियम, ग्याँस सिलिण्डर आदि वडाबाट उपलब्ध गराएको स्मरण गर्नुभयो। कार्यक्रममा कीर्तिपुर नगरपालिका वडा नं. २ का अध्यक्ष रमेशमान डंगोलले जेष्ठ नागरिक भवनका लागि आफ्नो तर्फबाट २५ वटा चकटी र ५ वटा कुर्सी सहयोग गर्ने घोषणा गर्नुभएको थियो।

जेष्ठ नागरिक ९३ वर्षिय माधव प्रसाद आचार्यको सभापतितत्वमा सम्पन्न कार्यक्रम रामचन्द्र खड्काले सञ्चालन गर्नुभएको थियो।

कीर्तिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

कीर्तिपुर, काठमाण्डौ ।
३ नं. प्रदेश, नेपाल ।

पत्र संख्या: ०७७/०७८
च.नं.: १०५

मितिः २०७७/०४/०६

रोजगार सेवा केन्द्र

**बेरोजगारी व्यक्तिको सूचीमा सूचीकृत हुन निवेदन पेश गर्ने बारेमा अत्यन्त जरुरी सूचना**

उपरोक्त सम्बन्धमा रोजगारीको हक सम्बन्धी ऐन २०७५ को दफा ११ रोजगारीको हक सम्बन्धी नियमावली २०७५ को नियम ७ र प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका २०७५ को दफा १८ बमोजिम आगामी आर्थिक वर्ष २०७७/०७८ मा संचालन हुने प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत प्रदान गरिने १०० दिन बराबरको न्युनतम रोजगारीमा संलग्न हुन चाहेमा १८ वर्षदेखि ५९ वर्षसम्मका इच्छुक बेरोजगार व्यक्तिले बेरोजगार व्यक्तिको सूचीमा सूचीकृत हुन सम्बन्धित वडा कार्यालयमा २०७५ चैत्र मसान्त सम्ममा तोकेको ढाँचाको निवेदन पेश गर्नुहुन मिति २०७६/११/३० गते सूचना प्रकाशित भएको तर विश्वव्यापी महामारी कोभिड-१९का कारण सबै प्रक्रियाहरू स्थगित भएको अवस्थामा पुनः उक्त प्रकृया २०७७ श्रावण ८ गतेदेखि २०७७ भाद्र ७ गते सम्म कायम गरिएको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । साथै उक्त फारम सबै वडा कार्यालयमा बिहान १० बजेदेखि दिउँसो ५ बजेसम्म निःशुल्क पाइने व्यहोरा पनि अवगत गराइन्छ । फारमसँगै तपसिल बमोजिमको कागजातहरू संलग्न गरी पेश गर्नु पर्नेछ ।


**तपशिल**

- नेपाली नागरिकताको प्रतिलिपी १ प्रति
- पासपोर्ट साईजको फोटो १ प्रति
- बसाई सराई गरेर आएको भएमा बसाई सराईको प्रमाणपत्रको प्रतिलिपी १ प्रति
- शैक्षिक योग्यताको हकमा शैक्षिक प्रमाणपत्रको प्रतिलिपि (नभए अनिवार्य छैन १ प्रति)
- कुनै तालिम लिएको वा काम गरेको अनुभव भएमा सो को प्रतिलिपी १ प्रति

**थप जानकारीको लागि**
केदार बुढाथोकी
रोजगार संयोजक
कीर्तिपुर नगरपालिका, कीर्तिपुर
फोन नः ०१४३३१११०

नोटः आर्थिक वर्ष २०७७/०७८ का लागि न्युनतम रोजगारीमा संलग्न हुन चाहने बेरोजगार व्यक्तिले २०७६ चैत्र १० गते सम्म बन्दाबन्दी शुरु हुनुभन्दा अगाडि नियमनुसार रोजगार सेवा केन्द्रमा निवेदन दिएका व्यक्तिले पुनः निवेदन दिई रहनु नपर्ने ।

ध्रुवराज आचार्य
प्रमुख प्रशासकीय अधिकृत




कीर्तिपुर नगरपालिकाद्वारा प्रकाशित ● सम्पादक : रत्न महर्जन ● उप-सम्पादक : ज्ञानकुमार महर्जन ● मुद्रण : गुरु गणेश अफसेट प्रेस, पांगा, मोबाइल : ९८४१८५०६२८
● कार्यालय : कीर्तिपुर नगरपालिका भवन ● फोन : ४-३३१३८१, ४-३३१६९३ (दर्ता) ● वेबसाइट : www.kirtipurmun.gov.np
● ईमेल : ict.munkirtipur@gmail.com, info@kirtipurmun.gov.np ● Facebook : facebook.com/kirtipurmun ● Facebook : Nagar Sandesh ● ईमेल : nagarsandes@gmail.com